मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २८ ◆ अङ्क : १८० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० जेठ ५ गते शुक्रवार (Friday, May 19. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

चन्दा असुलेको आरोपमा पक्राउ

काठमाडौं, जेठ ४। चन्दा असुलेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा 'विप्लव' नेतृत्वको नेकपा निकट विद्यार्थी संगठनको सचिवालय सदस्य धनबहादुर चन्दसहित दुई जना छन्। चन्दा असुलेको आरोपमा पक्राउ परेका बैतडी घर भएका अमृत कार्की अखिल नेपाल ट्रेड युनियन मजदुर संघको सदस्य हुन्। धनबहादुर चन्द सल्यानका स्थानीय हुन्। दुवै जनालाई काठमाडौंबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका सूचना अधिकारी (एसपी) सिताराम रिजालले बताए।

भत्ता माग्दै ज्येष्ठ नागरिकको धर्ना

झापा, वैशाख ४। मेचीनगरमा रहेका ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता माग्दै नगरपालिकामा धर्ना दिएका छन्।

बस नै रिर्जव गरेर नगरपालिका पुगेका उनीहरुले 'सामाजिक सुरक्षा भत्ता खै ?' 'प्रशासकीय काम छिटो गर' लगायतका नारा लेखिएको प्लेकार्डसहित पालिकामा धर्ना दिएका हुन्। सामाजिक सुरक्षा भत्ता नपाएको भन्दै मेचीनगर-२का ज्येष्ठ नागरिकहरु भत्ता माग्दै मेचीनगर नगरपालिकाको कार्यालयमा आएर धर्ना दिएका हुन्। अन्य सबैतिर भत्ता वितरण भइसक्दा पनि आफूहरुले सामाजिक सुरक्षा भत्ता नपाएको भन्दै खवरदारीका लागि धर्ना दिइएको बताइएको छ।

'बारम्बार वडामा जानकारी गराउँदा पनि हाम्रो कुरा सुनुवाइ भएन'- मेचीनगर-२का लक्ष्मीप्रसाद पौडेलले भने- आखिर हामीलाई भत्ता चाहिँ किन नदिएको ? हामी बुढाबुढीलाई दुःख किन दिएको ? सामाजिक सुरक्षा भत्ता जस्तो संवेदनशील कुरामा कुनै पनि नेतृत्व गम्भीर नबनेको उनको भनाइ थियो।

यता यस विषयमा मेचीनगर-२का वडाध्यक्ष दीपक बरालले ज्येष्ठ नागरिकहरुले बारम्बार वडामा आएर भत्ताका विषयमा कुरा गर्ने गरेको तर यो विषय वडाको मात्रै बसमा नभएकाले ज्येष्ठ नागरिकहरुलाई नगरपालिकामै उपस्थित गराएको बताएका छन्।

टोली नै बनेर नगरपालिका पुगेका ज्येष्ठ नागरिकहरु नगर प्रमुख तथा उपप्रमुखले चित्तबुझ्दो जवाफ दिनुपर्ने भन्दै प्रमुख, उपप्रमुखको कार्यकक्षमा नै प्रवेश गर्न खोजेका थिए। यद्यपी कार्यकक्ष बाहिर नगरपालिकाकी उपप्रमुख मिना उप्रेतीले ज्येष्ठ नागरिकहरुलाई सबैको तर्फबाट गल्ती भएको भन्दै अब छिट्टै भत्ता उपलब्ध गराउने आश्वासन दिएकी थिइन्।

शरणार्थी नेता रिजाल र हज कमिटी अध्यक्ष मियाँ पक्राउ

झापा, जेठ ४। भुटानी शरणार्थी नेता टेकनाथ रिजाललाई प्रहरीले पक्राउ गरेको छ।

उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले पक्राउ गरेको हो। नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन भन्दै गरिएको ठगी प्रकरणमा अनुसन्धानका लागि प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो।

यससँगै नक्कली शरणार्थी प्रकरणमा पक्राउ पर्नेको संख्या १६ पुगेको छ। हाल प्रहरी नियन्त्रणमा रहेका पूर्वगृहमन्त्री बालकृष्ण खाँण र पूर्वमन्त्री टोपबहादुर रायमाझीको बयान सकिएर प्रहरीले सरकारी वकिलको कार्यालयमा पेश गर्ने प्रतिवेदन तयार हुँदैछ।

त्यस्तै नक्कली भुटानी शरणार्थी प्रकरणमा हज कमिटीका अध्यक्ष शमशेर मियाँ सिंहदरबारबाट पक्राउ परेका छन्। पैसा ओसार्न मियाँले कमिटीको गाडी प्रयोग गर्ने गरेको प्रहरी हिरासतमा रहेका आरोपीले खुलासा गरेपछि जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले उनलाई पक्राउ गरेको परिसरका प्रमुख (एसएसपी) दानबहादुर कार्कीले जानकारी दिए।

प्रहरीले गृह मन्त्रालयको बा१भ्क १५८१ नम्बरको सरकारी गाडी बरामद उक्त गाडी गृह मन्त्रालय अन्तर्गतको नेपाल हज कमिटीका अध्यक्ष शमशेर मियाँको भएको खुलेपछि उनको खोजी गरिरहेको थियो।

मिया काम विशेषले सिंहदरबार छिरेको जानकारी पाएपछि प्रहरीले उनलाई पक्राउ गरेको हो। उनले गृह मन्त्रालय अन्तर्गत नेपाल हज कमिटीको सचिवालयमा सहसचिव सरहको सेवासुविधा लिइरहेका थिए। नेपाल हज समिति कार्यविधि २०७२ अनुसार नेपाली मुस्लिमको प्रमुख धार्मिक कार्य हज र उमरा सम्बन्धी धार्मिक यात्रालाई व्यवस्थित तथा प्रभावकारी रूपले सञ्चालन गर्नका लागि सरकारले नेपाल हज समिति गठन गरेको छ। मन्त्रालयले तोकेको इस्लाम धर्म तथा हज यात्राको बारेमा विज्ञ व्यक्तिका रूपमा मिणँ हज समितिको

टेकनाथ रिजाल

शमशेर मियाँ

अध्यक्ष रहेका छन्। कार्यविधि अनुसार २ वर्षे कार्यकालमध्ये उनको अब एक वर्षे कार्यकाल बाँकी रहेको थियो।

कांग्रेसभित्र ध्रुवीकरण

नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेस भित्र ध्रुवीकरण बढेको छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा कांग्रेस नेता बालकृष्ण खाँणभन्दा माथि जान नहुने पक्षमा केही नेताहरु छन् भने संस्थापन इतर समूहका नेताहरूको यस प्रकरणमा जोडिएका कोही पनि उम्किन नहुने पक्षमा छन्।

कांग्रेसको नेतृत्व र संस्थापन पक्षकै कतिपय नेताहरूको नाम जोडएसँगै कांग्रेसभित्र ध्रुवीकरण बढ्दै गएको हो। शरणार्थी प्रकरण र भ्रष्टाचार मुद्दालाई लिएर महामन्त्री गगन थापाले देशव्यापी अभियान छेड्न खोजेका छन् भने उपसभापति धनराज गुरुङ, अर्का महामन्त्री विश्वप्रकाश शर्मा, केन्द्रीय सदस्य प्रदीप पौडेल लगायतको साथ छ। इतर समूहका नेताहरू मधु आचार्य, गोविन्द पोखरेल, गुरुराज घिमिरे लगायतको अर्को टोलीले पार्टी रूपान्तरणका लागि भन्दै अर्को अभियान थालिसकेका छन्।

पार्टीका केन्द्रीय सदस्य एवम् पूर्वगृहमन्त्री खाँणलाई नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको आरोपमा हिरासतमा राखेर प्रहरीले बयान लिएको छ। पार्टीका पूर्वसभासद् आङटावा शेर्पा पनि हिरासतमा छन्। पार्टी सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पत्नी एवम् पार्टी केन्द्रीय सदस्य आरजु राणा र पूर्वगृहमन्त्री खाँण

(बाँकी अन्तिम पृष्ठमा)

सक्कली शरणार्थीसँग छैन परिचयपत्र

पार्थ मण्डल

झापा, जेठ ४। दमकस्थित भुटानी शरणार्थी शिविर बेलडाँगी-२ सेक्टर सी ४ घर नम्बर ८५का ५५ वर्षीय मधुलाल चापागाँई शरणार्थी शिविरमा आएको ३० वर्ष भएको छ। चापागाईंले शरणार्थीको परिचयपत्र प्राप्तिका लागि सन् २००७मा १२ जनाको परिवारसँगै फोटो खिचाए।

११ जनाले परिचय-पत्र गरे तेस्रो मुलुक पुगी सकेका छन्। छानबिनमा रहेको भन्दै चापागाँईले अझै पनि शरणार्थीको परिचय पाउन सकेको छैन। उनी जस्तै शिविरमा कतिपय शरणार्थीहरूको परिचयपत्र अझै बनेको छैन। परिचयपत्र विहीन भएर उनीहरू शिविरभित्रै कष्टकर जीवन बिताउन बाध्य बनेका छन्।

परिचयपत्र प्राप्तिका लागि हामीले बराबर सरकारसँग हारगुहार गर्‍यौं। 'तर, आजसम्म हाम्रो मागको सुनवाइ कहीं कतैबाट भएन, शिविरमै बस्न बाध्य भयौं'- चापागाँईले भने। 'व्यक्तिले एक्लै निवेदन लिएर जाँदा सम्बन्धित निकायले एक्लैको हुँदैन भनी फर्काई पठाउँछ'- उनले भने- 'समूह बनाएर जाँदा



पनि परिचयपत्र पाएनौं।' परिचयपत्र प्राप्तिका लागि गरिएको दर्ता नम्बरसहित लेटर अझै पनि हामीसँग सुरक्षित रहेको उनको भनाइ छ।

यस्तो अवस्थामा सरकारको नेतृत्व गर्ने उच्च तहका व्यक्ति नै सक्कली भुटानी शरणार्थीको नाम बेचेर नक्कलीलाई तेस्रो मुलुक पठाउने घटनामा लागेकोले त्यस्ता व्यक्तिहरूलाई कानून बमोजिम कारबाही गरी समस्यामा परेकालाई सहयोग गर्न

(बाँकी अन्तिम पृष्ठमा)

रोङमा फष्टाउँदै मौरी पालन

इलाम, जेठ ४। इलाम रोङ-६का दावा स्याङ्बोले एक सय पचास घारमा मौरी पालेका छन्। वि.सं. २०७६ सालबाट आधुनिक मौरीपालन गर्दै आएका उनले सेरेना जातका मौरी पालेका हुन्।

पाँचवटा छुट्टाछुट्टै स्थानमा करिब ४० वटाका दरले घार व्यवस्थापन गरिएको उनले बताए। उनले भने- मौरीलाई स्याहारका लागि खटिरहनु पर्दैन। उत्पादनको पाँच प्रतिशत मात्र घारका लागि खर्च गर्न सकियो भने मौरी फस्टाउने उनको भनाइ छ। एउटा घारमा सातामा एकपटक अनिवार्य पुग्नैपर्ने उनले बताए।

उनले वार्षिक दुई सयदेखि दुई सय पचास किलोसम्म मह उत्पादन गर्दै आएका छन्। घरबाट नै प्रतिकिलो रु. एक हजार पाँच सयका दरले मह बिक्री हुँदै आएका छन्। मह मात्रै होइन, घारका 'फ्रेम' पनि रु. एक हजारका दरले बिक्री गर्छन्। एक घारका लागि चार वटा फ्रेम चाहिन्छ।

स्याङ्बाले जस्तै रोङ-३ का प्रेमबहादुर राईले पनि ३० वटा आधुनिक घारमा मौरीपालन गरेका छन्। उनले वार्षिक करिब एक सय किलो मह उत्पादन गर्दै आएका छन्। रोङ गाउँपालिकाका धेरै स्थानमा मह उत्पादन हुन्छ। अधिकांश स्थानीय व्यावसायिक महबाटै आत्मनिर्भर बनेका छन्। गाउँपालिकाले मह उत्पादनमा सहयोग गर्न थालेपछि स्थानीयले मह उत्पादनलाई नै प्राथमिकता दिएका हुन्। ग्रन्दुक ब्राण्डिङमा सफल भएको इलामको रोङ गाउँपालिका पुनः महमा समेत एक कदम अघि बढेको हो। पछिल्लो समय 'रोङ मह' सर्घै र सबै ठाउँमा किन्न पाइँदैन भन्ने नारासहित सो गाउँपालिका अघि बढेको छ।

गाउँपालिकाले मौरीपालनलाई गाउँपालिकाको पहिचानका रुपमा स्थापित गर्न यो कार्यक्रम नै अगाडि बढाएको अध्यक्ष मणिकुमार स्याङ्बो (सुवास)ले जानकारी दिए। उनका अनुसार मौरीपालन व्यवसायमा गाउँपालिकाले पहिला पनि लगानी गरेको र अब पनि प्राथमिकतामा यस व्यवसायलाई अघि बढाइने छ।

केही वर्षअघि पनि गाउँपालिकाले शुरुमा मौरीपालन व्यवसाय प्रवर्द्धनका लागि रु. ११ लाख छुट्याएको थियो। अर्को वर्ष २० लाख बजेट छुट्याएर काम अगाडि बढाएको थियो। सो समय किसानलाई आधुनिक मौरीपालनको सीप सिकाउनेदेखि अनुदानमा घार वितरण गर्ने कार्यक्रम तय गरिएको थियो।

चालू आर्थिक वर्षमा मौरीपालन र व्यावसायिकताका लागि गाउँपालिकाले रु. ५० लाख रकम विनियोजन गरेको गाउँपालिकाका पशु शाखा प्रमुख तीर्थराज देवकोटाले जानकारी दिए।

(बाँकी अन्तिम पृष्ठमा)

यातायात सेवाग्राहीलाई ठग्ने २२ जना पक्राउ

झापा, जेठ ४। सेवाग्राहीलाई ठगी गरेको आरोपमा प्रहरीले यातायात व्यवस्था कार्यालय कोशी परिसरबाट २२ जनालाई पक्राउ गरेको छ। प्रहरीले उक्त कार्यालयमा छापा मार्दै उनीहरुलाई पक्राउ गरेको हो।

इटहरीको हलगढास्थित कार्यालयमा प्रहरीले छापा मारेको थियो। यातायात कार्यालयबाट हुने कामका लागि अवैध रुपमा असुली गर्ने क्रम बढेपछि प्रहरीले निगरानी बढाएको छ।

सेवा लिन आउने ग्राहकसँग बढी पैसा असुल्ने र कार्यालयका महत्वपूर्ण कागजात लेखापढी सेन्टरमा लगेर मिलेमतो गरी अवैध असुल्ने गरेको गुनासो बढेपछि प्रहरीले सक्रियता बढाएको हो।

सेवाग्राहीले पटक-पटक समस्या भोग्दै आएको भन्दै इलाका प्रहरी कार्यालय इटहरीलाई यसअघि यातायात कार्यालयबारे सुनासो पुगिरहन्थ्यो।

(बाँकी अन्तिम पृष्ठमा)

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड, झापा
निर्वाचन समितिको कार्यालय (२०८०)

निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान २०५१ (संसोधित २०७१) को दफा ६.१.१ (क) बमोजिम कार्यसमिति गठनका लागि अध्यक्ष -१, उपाध्यक्ष-१, सचिव- १, कोषाध्यक्ष - १ र सदस्य -५ (सदस्य पद संख्या ५ मध्ये विधानको दफा ६.१ बमोजिम ३ पदमा महिला अनिवार्य) गरी जम्मा पद संख्या ९ (नौ) मा मिति २०८०।०२।१५ गते सम्पन्न हुने निर्वाचनका लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रम उपभोक्ता/ सदस्यहरुको जानकारीका लागि प्रकाशित र प्रशारित गरिएको छ।

निर्वाचन कार्यक्रम

१) **प्रथम मतदाता नामावली प्रकाशन :-** २०८०/०२/०५ विहान ११:०० बजे
२) **प्रकाशित मतदाता नामावलीमा दावी विरोध :-** २०८०/०२/०६ गते दिउँसो ३:०० बजेसम्म
३) **अन्तिम मतदाता नामावली प्रकाशन :-** २०८०/०२/०६ गते बेलुकी ५ बजे
४) **उम्मेदवारी दर्ता :-** २०८०।०२।०७ गते विहान ११:०० बजेदेखि ३:०० बजेसम्म
५) **उम्मेदवारको प्रथम नामावली प्रकाशन :-** २०८०/०२/०७ गते दिउँसो ४:०० बजे
६) **उम्मेदवारको नामावली माथि दावी विरोध :-** २०८०/०२/०८ गते दिउँसो ३:०० बजेसम्म
७) **उम्मेदवारको दोस्रो नामावली प्रकाशन :-** २०८०/०२/०८ गते बेलुकी ४:०० बजे
८) **उम्मेदवारले नाम फिर्ता लिने :** २०८०।०२।०९ गते दिउसो २:०० बजेसम्म
९) **उम्मेदवारको अन्तिम नामावली प्रकाशन :-** २०८०/०२/०९ गते दिउँसो ३:०० बजे
१०) **मतदान :-** २०८०।०२।१५ गते विहान ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
११) **मतगणना :-** मतदान सम्पन्न भए पश्चात (सहमतिबाट निर्णय गर्ने)
१२) **घोषणा :-** मतगणना सम्पन्न भए पश्चात
१३) **विजयी उम्मेदवारलाई प्रमाण पत्र प्रदान :-** घोषणा भए पश्चात

मितिः २०८०।०२।०२ **निर्वाचन अधिकृत**

श्रीमतीको हत्या गरेर फरार अभियुक्त पक्राउ

झापा, जेठ ४। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले श्रीमतीको हत्या गरी फरार रहेका एक अभियुक्तलाई चार महिनापछि पक्राउ गरेको छ।

पक्राउ पर्नेमा रोल्पाको सुनछहरी गाउँपालिका-६ फगाम घर भएका ३९ वर्षीय गर्भे विक रहेका छन्।

उनले श्रीमती २६ वर्षीया केशु विकलाई गत फागुन २० गते हत्या गरी कपिलवस्तुको शिवराज नगरपालिका-५, चन्द्रौटास्थित प्रयोगमा नआएको गाडीको रिफ्रेस सेन्टर भवनको सेफ्टीट्याङ्कीमा फ्याँकी गर्भे फरार रहेका थिए।

श्रीमतीको हत्या गरी फरार रहेका विकलाई उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले काठमाडौंको चन्द्रागिरी नगरपालिका-१०, सतुङ्गलबाट पक्राउ गरेको हो।

पक्राउ परेका उनलाई आवश्यक कानुनी कारबाहीका लागि वडा प्रहरी कार्यालय चन्द्रौटा, कपिलवस्तु पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए।

फ्ल्याट भाडामा

झापाको सुरुङ्गास्थित पूर्व बसस्टेण्ड महेन्द्र हाइवेसँगै जोडिएको सिद्धार्थ बैंक बसेको कामक्ष भवनको ग्राउण्ड फ्लोरमा २ कोठा साथै दोस्रो र तेस्रो तला होटल, हस्पिटल साथै अन्य व्यावसायिक प्रयोजनका लागि अति उपयुक्त फ्ल्याटहरु भाडामा छ। भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क :
९८५१०१३५८८,
९८०८७३०४९७

जेठ ६ गतेदेखि प्रथम कर्पोरेट सुपर सिक्स क्रिकेट

झापा, जेठ ४। प्रथम कर्पोरेट सुपर सिक्स क्रकेट प्रतियोगितामा क्रिकेटका पूर्वराष्ट्रिय खेलाडी मेहबुब आलमले खेल्ने भएका छन् ।

बिर्तामोड नगरपालिका नगर खेलकुद विकास समितिले आयोजना गरेको सो प्रतियोगितामा मेहबुबले बिटिएम मन्त्र थकाली टिमको प्रतिनिधित्व गर्दै खेल्ने भएका हुन् । विहीवार बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिताका विषयमा जानकारी गराइयो ।

बिटिएम मन्त्र थकालीले अन्य खेलाडीको नाम समेत सार्वजनिक गरेको छ । थकालीबाट आलमसहित कप्तान खड्का, नृत्य खडोलिया, अभ्यास तिम्सिना, रुपनारायण श्रेष्ठ, फिर्दोस अन्सारी, दीपक काफ्ले र उमेश खरेल मैदान उत्रिने टिम कप्तान सुरज खड्काले जानकारी दिए ।

यसैबीच, बिटिएम मन्त्र थकालीले आलमको जर्सी पनि सार्वजनिक गरेको छ । आलमले ११ नम्बरको जर्सी लगाएर कर्पोरेट सुपर सिक्स क्रकेट खेल्ने छन् ।

झापाको बिर्तामोडमा जेठ ६ गतेदेखि प्रथम कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिता हुँदैछ । बिर्तामोड नगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा प्रतियोगिता हुनेछ । प्रतियोगितामा २० वटा टिमले भाग लिने जनाइएको छ । प्रतियोगितामा बिर्तामोड नगरभित्रका व्यावसायिक तथा सामाजिक संस्था सहभागी हुने छन् ।

प्रतियोगिताको विजेताले नगद एक लाख रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद पचास हजार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र पाउने छन् ।

त्यस्तै, खेलको म्यान अफ द टुर्नामेन्टलाई १० हजार रुपैयाँ, बेस्ट व्याट्सम्यान र बेस्ट बलरलाई ५१०० रुपैयाँ प्रदान गरिनेछ । प्रत्येक खेलको म्यान अफ द म्याचले २१०० रुपैयाँ पाउने छन् । प्रतियोगिताको फाइनल खेल रात्रिकालीन हुनेछ ।

धिमाल समुदायले मनाए जात्री पर्व

छविराज ढकाल

पथरीशनिश्चरे, जेठ ४। मोरङको पथरी शनिश्चरेको पहिलो जातिको पहिचान बोकेको धिमाल समुदायले जात्री पर्व मनाएका छन् ।

पथरीशनिश्चरे-१मा रहेको महाराजग्राम थानमा धिमाल समुदायले महान चाडको अवसरमा ढड्ढड्डे मेलामा ढोल नृत्य प्रस्तुत गरेका हुन् ।

पछिल्लो समय अन्य जाति र समुदायसँग बिवाह सम्बन्धमा बाँधिन थालेपछि धिमाल भाषा लिपि र संस्कृति क्रमशः लोपोन्मुख रहेको छ । प्रायः खोला किनारमा बस्न रुचाउने, कम बोल्न रुचाउने, लजालु स्वभाव भएको यो जातिको आफ्नै मौलिक भाषा, संस्कृति, भेषभुषा रहेको छ । विशेष गरी किरात समुदाय (लिम्बू) हरु संग आंशिक मात्रामा भाषा भने मिल्ने पत्रकार बिजय धिमाल बताउँछन् ।

पथरीशनिश्चरेमा तीन सामुदायिक बिद्यालयमा प्रधानाध्यापक धिमाल समुदायबाट हुन् । वडा नं. ९आदर्श सीता आधारभूत विद्यालयमा रीता धिमाल, वडा नं. ३ सामाजिक आधारभूत विद्यालयमा शंकर धिमाल र वडा नं. ५मा बल बहादुर धिमाल रहेका छन् । महिलाहरुले आफैं तान बुनेर पेटानी र चोलो जस्ता मौलिक र घरेलु उद्योगले उत्पादन गरेको भेषभुषा लगाउँछन् भने पुरुषहरुको पहिरन सेतो कमिज र धोती कछाड हुन् ।

धिमाल समुदायले आफ्नो परम्परागत पहिरन र भेषभूषा विस्तारै बिर्सिएको र धिमाल अगुवाहरु बेलैमा सचेत नबने धिमालहरुको कला, भाषा साहित्य, भेषभुसा र संस्कृति धरापमा पर्ने स्थानीय साहित्यकार लक्ष्मीप्रसाद फुँयालको धारणा छ ।

नगरको पहिलो जाति परिचय बोकेको यो जातिको बाहुल्यता कम रहेको छ । यो जातिको संरक्षण र प्रवर्द्धन गर्नु स्थानीय सरकारको पनि कर्तव्य भएको उनको ठम्याई छ ।

क्यूएफएक्समा 'फास्ट एक्स' को प्रिमियर शो

झापा, जेठ ४। हलिउडको एक्सन र इमोसनले भरिएको चलचित्र 'फास्ट एक्स' को बिर्तामोडमा प्रिमियर शो प्रर्दशन गरिएको छ ।

लुइस लेटरियरद्वारा निर्देशित यो चलचित्रको प्रिमियर शो बिर्तामोडस्थित क्यूएफएक्स हलमा प्रदर्शन गरिएको हो । अमेरिकी एक्सन प्रदान यो चलचित्र एप्पल इन्टरटेन्डमेन्ट इन कोलाब्रेसनले प्रर्दशनको जिम्मा लिएको हो । यो चलचित्र शुक्रवारबाट विश्वभर प्रदर्शन हुँदैछ ।

नेपालका लागि बिर्तामोडमा मात्रै प्रिमियर शो प्रर्दशन गरिएको हो । जुन लुइस लेटरियरद्वारा निर्देशित डेन माजेउ र जस्टिन लिनको पटकथाबाट यो चलचित्र तयार गरिएको छ । युनिभर्सल फिल्ममा जेसन मोमोआ, जेसन स्टेथम, जोन सीना, ब्री लार्सन, टायरेस गिब्सन, लुडाक्रिस, जोर्डाना ब्रस्टर, नाथली इमानुएल, सुंग कांग, स्कट ईस्टवुड, माइकल रुकर, ड्यानिएला मेल्चियर, एलन रिच, एलन मिरेनसन र कार्डीबीको चलचित्रमा अभियन रहेको छ ।

प्रिमियर शोमा झापाका सञ्चारकर्मीसहित बिर्तामोडमा लब्ध प्रतिष्ठित व्यक्तिलाई सामेल गराइएको क्यूएफएक्सका सञ्चालक मिजास पोखरेलले जानकारी दिए । चलचित्रका विषयमा भास्कर दुङ्गाना र जेनिस पहाडीले जानकारी गराएका थिए ।

'फास्ट एक्स' नाम दिइएको चलचित्रको वितरण कम्पनी युनिभर्सल स्टुडियोले लिएको छ । बहुप्रतीक्षित हलिउड चलचित्र 'फास्ट एण्ड फ्युरियस'को दशौं शृंखलाले यस अघि नै निर्माता तथा अभिनेता भिन डिजेलले इन्स्टाग्रामबाट फिल्मको शीर्षक र लोगो सार्वजनिक गरेका थिए ।

ढाका बुनाई तालिम

अर्जुनधारा, जेठ ४। झापाको अर्जुनधारा-८स्थित नारी चेतना समूहको आयोजना र टेवा नेपालको आर्थिक सहयोगमा तीन महिने ढाका बुनाई तालिम बिहीबारदेखि शुरु भएको छ ।

सिप विकास कार्यक्रम अन्तर्गत महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले आयोजना गरिएको उक्त तालिमको प्रमुख अतिथि वडाध्यक्ष कुमारप्रसाद उप्रेतीले उद्घाटन गरेका थिए ।

प्रशिक्षक कल्पना राईले प्रशिक्षण दिने तालिममा अर्जुनधारा-१, ७ र ८ नम्बर वडाका १५ जना प्रशिक्षार्थीको सहभागिता रहने समूहकी अध्यक्ष पम्फा विश्वकर्माले जानकारी दिइन् । तालिममा प्रशिक्षार्थीहरुलाई खदा, बर्की, मफलर, चोलो र साडी बनाउने बताइएको छ ।

समूहकी अध्यक्ष विश्वकर्माको अध्यक्षतामा आयोजित कार्यक्रममा जलेश्वर सामुदायिक सिकाइ केन्द्रकी अध्यक्ष पुनम सुवेदीलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा सहनशिल महिला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष ज्ञानकुमारी थापा, उपाध्यक्ष सविता लिम्बू, कोषाध्यक्ष चन्द्रकला प्रसाईंलगायतको आतिथ्य रहेको थियो । समूहकी सहसचिव निर्मला राईले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन उपाध्यक्ष डम्बरकुमारी सत्यालले गरेकी थिइन् ।

अमेरिकामा टिकटकमाथि पूर्ण प्रतिबन्ध !

काठमाडौं, जेठ ४। मोन्टाना भिडियो साझा गर्ने सामाजिक सञ्जाल एप्लिकेशन टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाउने पहिलो अमेरिकी राज्य बनेको छ । सुरक्षा चिन्ता र चासोलाई सम्बोधन गर्न राज्य सरकारले टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाइएको घोषणा गरेको हो ।

मोन्टानाका गभर्नर ग्रेग जियानफोर्टले मोन्टाना राज्यका बासिन्दाका निजी विवरण चिनियाँ कम्युनिष्ट पार्टीबाट जोगाउने उद्देश्यले टिकटकमाथि प्रतिबन्ध लगाइएको स्पष्ट गरेका छन् । राज्यका मुख्य सूचनाआधिकारीलाई राज्य सञ्जाल र उपकरणहरूबाट उक्त एपलाई पूर्णरुपमा ब्लक गर्न निर्देशन दिएको उनले सामाजिक सञ्जाल ट्विटरमा लेखेका छन् ।

डिसेम्बर २०२२मा मोन्टाना सरकारले राज्यका उपकरणमा उक्त एपको प्रयोग वर्जित गरेको थियो । संघीय सरकारका साथै अमेरिकाका धेरै राज्यमा उक्त सामाजिक सञ्जालको प्रयोग निषेध गरिएको छ । आगामी जुन १देखि उक्त सञ्जालमाथिको प्रतिबन्ध पूर्णरुपमा लागू हुनेछ । उक्त प्रतिबन्धलाई चुनौति दिँदै अदालतमा मुद्दा दायर हुनसक्ने समाचारमा जनाइएको छ ।

अर्जुनधारामा साकेला सिली महोत्सव

अर्जुनधारा, जेठ ४। 'संघीय गणतन्त्र नेपालमा पूर्ख्यौली भूमिको पहिचान, किरात स्वायत्त राज्य निर्माण गर्ने हाम्रो अभियान' भन्ने मुख्य नारासहित उभौली पर्व-२०८०को अवसरमा बिहीबार साकेला सिली महोत्सव सम्पन्न भएको छ ।

किरात राई यायोक्खा अर्जुनधारा नगर कार्य समितिको आयोजनामा अर्जुनधारा-११स्थित साकेला थान परिसरमा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि किरात राई यायोक्खा झापाका वरिष्ठ उपाध्यक्ष केवलराम राईले उद्घाटन गरेका थिए ।

कार्यक्रममा आयोजकसहित किराया बुद्धशान्ति-२, किराया बुद्धशान्ति-४, हल्दीबारी-१, बिर्तामोड-१, २, ३, ४, र ५ तथा अर्जुनधारा-६ र ११, बिर्तामोड-६ र ७, मेचीनगर-६, मेचीनगर-११ र १२, मेचीनगर-१३ र १४का सांस्कृतिक टोलीले साकेला सिली प्रस्तुत गरेका थिए ।

समितिका अध्यक्ष बिजय साम्पाङ राईको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न व्यक्तित्वहरुलाई कदर-पत्र, बधाई पत्र र सम्मान पत्रबाट सम्मानित गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा समितिका निवर्तमान अध्यक्ष क्या. मानबहादुर चाम्लिङ राई, वरिष्ठ उपाध्यक्ष क्या. शिवकुमार चाम्लिङ राई र सचिव सरीता चाम्लिङ राई, नमूना सामुदायिक वन उपभोक्ता समूहका नवनिर्वाचित अध्यक्ष जागिरमान राई, दाताद्वय धनशोभा राई र मनोज चाम्लिङ राई रहेका छन् ।

त्यसैगरी कार्यक्रम स्थलमा किरात मौलिक गरगहना र भेषभुषासँगै मौलिक खानेकुराको स्टलहरु राखिएको थियो । कार्यक्रममा अर्जुनधारा-९का वडाध्यक्ष भीष्म मिश्र, नेपाल आदिवासी जनजाति महासंघ अर्जुनधाराका अध्यक्ष कर्णबहादुर तामाङ, किरात विद्यार्थी संघ झापाका सदस्य आयुष राई, समितिका सल्लाहकार एवम् अग्रज पत्रकार दिपीन राई लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

त्यस्तै सांस्कृतिक आन्दोलनको रुपमा प्रदेश नं. १ को नाम कोशी प्रदेश राखिएको विरोधमा आयोजक सांस्कृतिक टोलीले 'कोशी प्रदेश क्रस' लेखिएको ब्याज लगाएका थिए ।

समितिकी वरिष्ठ उपाध्यक्ष भूपा थुलुङ राईले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव सिंहबहादुर चाम्लिङ राईले गरेका थिए ।

शरणार्थी ...

पत्नी एवम् केन्द्रीय सदस्य मञ्जु खाँण पनि यो प्रकरणमा मुछिएको आशंकामा प्रहरीले प्रमाण जुटाइरहेको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई पार्टीको जिम्मेवारीबाट निलम्बन गर्ने कि नगर्ने भन्ने विषयमा कांग्रेसभित्रको मतभेद सार्वजनिक रूपमै छरपस्ट हुन थालेको छ ।

निलम्बनका विषयमा पार्टी पदाधिकारीबीचमै विवाद देखिएपछि गत बिहीबार दोस्रो दिन बसेको पदाधिकारी बैठक पनि बिनानिष्कर्ष टुंगिएको छ, खाँण कांग्रेसको केन्द्रीय सदस्य छन् । कांग्रेस सभापति देउवा नै खाँणलाई पदीय जिम्मेवारीबाट निलम्बन गर्ने पक्षमा नभएकाले पदाधिकारी बैठकले निष्कर्ष निकाल्न सकेन । पदाधिकारी बैठकमा उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले अनुसन्धानमा सहयोग पुऱ्याउन र पार्टीको छवि जोगाउन खाँणलाई निलम्बन गर्नुपर्ने धारणा राखेका थिए ।

त्यसको चर्को प्रतिवाद गर्दै संस्थापन पक्षीय सहमहामन्त्री महेन्द्र यादवले खाँणलाई फसाउन खोजिएको दावी गर्दै कुनै पनि हालतमा निलम्बन गर्न नहुने अडान लिएका हुन् । खाँणलाई निलम्बन गर्ने कि नगर्ने भन्ने विषयमा बैठकमा केहीछिन चर्काचर्की परेपछि महामन्त्री थापाले खाँण आफैंले अनुसन्धानका लागि सहयोग पुऱ्याउन जिम्मेवारीबाट अलग भएको घोषणा गर्नुपर्ने विकल्प सुझाएका छन् ।

नक्कली शरणार्थी बनाउनु संगठित र गम्भीर अपराध मात्रै नभएर राष्ट्रघाती काम रहेको तर्क गर्दै यसलाई गम्भीर रूपमा लिन नेतृत्वलाई नेताहरूले दबाब दिए पनि सभापति देउवाले अझै परामर्श गर्ने भनेर टारिरहेका छन् ।

सक्कली ...

उनीहरूले सरकार समक्ष माग समेत राखेका छन् । भुटानले नेपालमा अब भुटानी छैनन् भनेर गरिरहेको दाबीलाई हालै बाहिरिएको नक्कली शरणार्थी भ्रष्टाचारको प्रकरणले सक्कली शरणार्थी थप समस्या परेको देखिन्छ ।

खडानन्द भण्डारी २००८ सालदेखि शिविरमा बस्दै आएका छन् । उनको बुबा र आमाको शिविरमै निधन भयो । तर, उनी अझै पनि तेस्रो मुलुक जान पाएनन् । परिचयपत्र नबन्दा उनी निराशा छन् । 'काम गर्न बाहिर जान पाईंदैन, काँकरभिट्टा बोर्डर कटेर भारत छिर्ने आदेश पनि छैन'- उनले भने- 'अब शिविर नै एक मात्र सहारा बन्यो, यही मर्नुबाहेक अन्य विकल्प रहेन ।' परिवारका सदस्य विदेश पुगिसके । ढिलो चाँडो विदेश गइन्छ कि भनेर मन थामेर बसेको । नक्कली शरणार्थी प्रकरणको घटना सुन्दा यहाँ बसेकाहरूको अब के होला भनेर चिन्तित बनेको उनको भनाइ छ ।

शिविर सेक्टर सी ३ घर नम्बर ३६९ एका विजय सुनारको परिवार पनि विदेशी पुगिसकेका छन् । २००७ सालमा परिचयपत्रका आवेदन भरेका उनले अझै परिचयपत्र पाउन नसकेको गुनासो पोखे । परिचयपत्र नपाउँदा हामी वर्षौंदेखि पीडित रहेको बताउँदै उनले भने- 'भोलि केही कतै भइहाल्यो भने हाम्रो परिचयको कुनै आधार प्रमाण नै छैन कि शरणार्थी हुँ भनेर र ।'

नक्कली शरणार्थी प्रकरणका दोषीलाई कारबाही गर्न माग

भुटानी शरणार्थी प्रतिनिधि स्वदेश फिर्ती समितिले एक प्रेस विज्ञप्ति जारी गर्दै तत्काल नक्कली भुटानी शरणार्थी प्रकरणका दोषीमाथि कडा कारबाही गर्दै खाटी भुटानीहरूको समस्या समाधानमा सहयोग गर्न सरकार समक्ष चार बुँदे माग अघि सारेका छन् ।

सोमबार समितिका कार्यवाहक अध्यक्ष तिलक राईले हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ, हालै गरै भुटानी बनाएर तेस्रो मुलुक लैजान ठूलो धनराशिको भ्रष्टाचार मुद्दामा नेपाली नागरिकदेखि उच्च तहका कर्मचारी र पूर्वमन्त्रीहरुसमेत गिरफ्तार भइसकेको घटनाप्रति हाम्रो संगठनको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालस्थित भुटानी शरणार्थी शिविरमा भुटानीहरू नभएको भुटान सरकाको आरोपलाई पुष्टि हुने गरी सतहमा आएको नक्कली भुटानी शरणार्थी प्रकरणले हामी खाटी भुटानीहरूलाई गम्भीर असर पुऱ्याएको छ । यस कार्यप्रति हाम्रो संगठन घोर भर्त्सना गर्दछ ।

स्वदेश फिर्ती र परिवारको मिलनको आशामा जीवन बिताइरहेका साढे ६ हजार भुटानी शरणार्थीहरू र खाटी तर पञ्जीकृत हुन बाँकी भुटानीहरूको हितलाई ध्यानमा राख्दै शरणार्थी परिचयपत्र नवीकरण गरेको आठ महिनाभन्दा बढी भइसक्दा पनि सबैले नयाँ परिचयपत्र पाएका छैनन् । नवीकरण भएको परिचय-पत्र वितरणमा चरम ढिलासुस्ती गरिएकोले खाटी भुटानीहरू परिचय-पत्र विहीन हुने अवस्था सृजना भएको छ । सम्बन्धित निकायको यस्तो कार्यले गैर भुटानीलाई भुटानी र खाटीलाई भुटानीलाई गैरभुटानी बनाउन सक्ने गम्भीर आशङ्का पैदा गरेको छ । तसर्थ नवीकरण भएर पनि रोक्का गरिएको शरणार्थी परिचयपत्र अविलम्ब वितरण गर्न विज्ञप्तिमा माग गरिएको छ ।

त्यस्तै भुटानी शरणार्थी समस्या दीर्घकालीन रुपमा समाधान गर्नको लागि सरकारले अन्तर्राष्ट्रिय समुदाय, विश्व मान्यता प्राप्त शरणार्थी सम्बन्धी विज्ञ संस्था, भुटानी शरणार्थीको आधिकारिक प्रतिनिधि र भुटान सरकारबिच बहुपक्षीय वार्ताको लागि सहजीकरण गरी वार्ताको वातावरण शीघ्र सिर्जना गरियोस्, शरणार्थी प्रकरणमा स्वतन्त्र र निष्पक्ष छानबिन आयोग गठन गरी दोषी उपर कडा भन्दा कडा कारबाही गरियोस्, जसले गर्दा भुटान सरकारले हामीमाथि लगाएको आरोप मिथ्या हुन सकोस् र निष्पक्ष र स्वतन्त्र आयोग गठन गरी विभिन्न कारणले पञ्जीकरणबाट छुटेका भुटानीहरूलाई शीघ्र छानबिन गरी खाटी भुटानीहरूलाई शरणार्थी दर्जा प्रदान गरी पञ्जिकरणको मुद्दालाई समयमै फछ्यौंट गरियोस् भनी जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

रोडमा ...

मौरीपालन व्यवसायलाई रोडको पहिचान बनाउन गाउँपालिकाले थप लगानी गरेर मह उत्पादनमा जोड दिइने गरिको कार्यक्रम अगाडि बढाइएको उनको भनाइ छ ।

गाउँपालिकाले मौरी विकास केन्द्र नै स्थापना गरेर मौरी पालनको विकासमा लागेको छ । मौरीले वातावरण जोगाउनका लागि राम्रो भूमिका निर्वाह गर्ने भएकाले पनि मौरी जोगाउनुपर्ने बताइएको छ । साथै मौरी रहेमा मह समेत उत्पादन गर्ने र किसानको जीविकोपार्जनमा सहयोग पुऱ्याउने छ ।

परागशेचनले ताकारीबाली फल्नसमेत मद्दत गर्ने भएकाले पनि मौरी जोगाउन लगानी गरेको गाउँपालिका अध्यक्ष स्याङ्बोको भनाइ छ । मौरीले विषादी सेवन गर्ने भएकाले विभिन्न रोगबाट मानिसलाई बचाउने गरेको विज्ञहरुको भनाइ छ । गाउँपलिकाले किटेनीबाट नजिकै पर्ने हडियामा डेढ रोपनी जग्गामा मौरी विकास केन्द्र स्थापना गरेर काम अगाडि बढाएको छ । केन्द्रमा हाल ३२ घार मौरी छन् ।

गाउँपालिकाले सो क्षेत्र मौरीमा राम्रो सम्भावना देखेर मौरीका लागि छुट्टै शाखा र स्रोतसमेत छुट्याइएको छ । साथै स्रोत व्यक्ति नै राखेर काम अगाडि बढाइएको छ । मौरी विज्ञका रुपमा रहेका सोही गाउँपलिकाका कुमार तामाङ गाउँपालिकाको मौरी स्रोत व्यक्तिका रुपमा राखेर सो कार्यक्रम सञ्चालन गरिरहेको छ । गाउँपालिकामा मौरीको लागि मौरी विकास शाखा छ ।

तामाङले मौरीपालनका लागि उचित क्षेत्रको छनोट, किसानको छनोट, तालिम सञ्चालन, तथा अनुदानमा घार वितरण गर्न सिफारिस गर्ने लगायतका कार्य गर्नुपर्दछ । साथै मौरीको उपचार गर्ने सम्मको जिम्मेवारी उनले पाएका छन् । गाउँपालिकाले मौरी विकास केन्द्रबाट मह तथा मौरीका घार तथा मौरीसमेत बिक्री वितरण गर्ने र आम्दानीको स्रोत बढाउने रहेको छ ।

यातायात ...

प्रहरीले पनि कार्यालयमा लेखापढी सेन्टरका व्यक्तिले ढड्डा राख्ने, पैसा खाने तथा नक्कली कागजपत्र बनाएर सेवाग्राहीलाई दुःख दिएको भन्दै यस्तो कार्य बन्द गर्न भन्दै आएको थियो ।

प्रहरीले भने अनुसार न कार्यालयका कर्मचारीले गरे । नलेखापढी सेन्टरका व्यक्तिले आफ्नो पैसा कमाउ धन्दा रोके । प्रहरी नायव उपरीक्षक काफ्लेका अनुसार राखेपका नायब सुब्बादेखि कार्यालयमा कार्यरत कार्यालय सहयोगी समेत छन् ।

इलाका प्रहरी कार्यालय इटहरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार पक्राउ पर्नेमा एक करारका कर्मचारीसहित कार्यालय परिसरमा सञ्चालित लेखापढी सेन्टरका सञ्चालक छन् । बजाज, होन्डा, यमाहा, भेस्वा ब्रान्डका मोटरसाइकल कम्पनीका कर्मचारीसमेत पक्राउ परेको प्रहरीले जनाएको छ ।

प्रहरीले पक्राउ परेकाहरुको साथबाट यातायात कार्यालयको १५ वटा ढया, २३ वटा ब्लुबुक र १५ वटा फाइल र विभिन्न प्रकारका छाप नियन्त्रणमा लिएको छ । यातायात कार्यालयका निमित्त प्रमुख राजकुमार गुप्ताले लेखापढी सेन्टरका व्यक्ति पक्राउ परेको उल्लेख गर्दै छानबिनबाट दोषी देखिए कारबाही हुनुपर्ने बताए ।

कनकाईधाम धार्मिक विकास संस्था

कनकाई नगरपालिका-४, कोटीहोम, झापा

साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

यस संस्थाको १६औं साधारणसभा तथा १०औं अधिवेशन तपसिलको मिति, स्थान र समयमा गरिने तय भएकाले संस्थाका आजीवन सदस्य, साधारण सदस्य, सङ्घ-संस्थाका प्रमुख, सन्तमहन्त, धार्मिक महानुभावहरू सबैलाई उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

मिति : २०८० साल जेठ १९ गते शुक्रवार । समय : बिहानको ११:०० बजे

स्थान : कनकाईधाम धार्मिक विकास संस्था, कनकाई-४, कोटीहोमको सभाहल

डिल्लीराम बाराकोटी, महासचिव — नबलकिशोर दत्त, अध्यक्ष

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

राजनीतिलाई स्वच्छ बनाऊ

नेपाली राजनीति सत्ता र शक्ति मात्रै हुन थालेको छ । समाज र देशको सेवा गर्ने पवित्र भावना र कर्म हाम्रो सन्दर्भमा अमिल्दो छ । सत्ता र शक्ति प्राप्ति र आर्जनका लागि गरिने राजनीतिले जनताको भलो नहुने मात्र होइन राष्ट्रको अस्मितामाथि नै कलंक लाग्छ । नेपाली राजनीति त्यही दिशातर्फ निर्देशित भएको पछिल्लो घटनाक्रमले पुष्टि गरेको छ । नेपालीलाई नागरिकताविहीन बनाएर अमेरिका पुऱ्याउने प्रयत्न त्यसकै उदाहरण हो । नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पुऱ्याउन सरकारमा रहेकाहरु त्यसमा पनि गृहमन्त्री, उच्च पदस्थ राष्ट्रसेवक नै संलग्न भएको तथ्य फेला पर्नु राजनीतिक अपराध कर्म गर्ने प्रमाणपत्र साबित हुनु हो ।

नक्कली शरणार्थी प्रकरणमा पक्राउ परेका चौध जना प्रहरी अनुसन्धानमा छन् । अझै केही प्रहरीको खोजीको सूचीमा छन् । घटना बाहिर आएलगत्तैको चर्चा यद्यपि क्रमशः धुमिल हुँदै गएको छ, तर नागरिक समाज भने दिनहुँ प्रदर्शन र बिरोधसभाको माध्यमबाट प्रहरी, सरकार र सम्बद्ध पक्षलाई खबरदारी गरिरहेको छ । विगतमा भ्रष्टाचारका घटना सार्वजनिक भएकै हुन्, ती मध्ये केही मात्र कानूनको दायरामा आए र दण्डित पनि भए । तर, त्यसपछिका ठूला–ठूला भ्रष्टाचारजन्य अपराध कर्महरु 'तैं चुप मैं चुप' भएका छन् । राजनीतिलाई पैसा कमाउने माध्यम बनाएका नेताहरु त्यसकै माध्यमबाट सन्तान दरसन्तानका लागि धन आर्जन गर्न लागेको उनीहरुको जीवनस्तरले देखाइ रहेको छ ।

राजनीतिमा देखिएको आजको अवस्थाले राजनीतिलाई ठगी, अपराध र भ्रष्टाचारको माध्यम बनाएको छ । नेताहरुमा नैतिकता, आदर्श, सदाचारिताको खडेरी परेको यो अवस्थाले कानूनी राज्यको उपहास गरेको छ । सिद्धान्त, निष्ठा, इमान, धर्म र नैतिकताको यो खडेरीले देशलाई कहाँ पुऱ्याउँछ टुंगो छैन । श्रम, सिप, क्षमताको उपयोग बिनै पैसा कमाउने, विलासीतापूर्ण जीवन भोग्ने लालसाले असाध्य रोग हुर्काइरहेको सन्दर्भमा भोलिको नेपाल र नेपाली राजनीति असफल हुन नदिन वर्तमान सरकारले लाग्नैपर्छ । नेपाली राजनीतिलाई स्वच्छ, सेवामूलक, मूल्य–मान्यतासहितको र मर्यादित बनाउन प्रहरीले पनि खुट्टा दह्रो टेक्नुपर्छ । सरकार र प्रहरी दुबैलाई बलियो बनाउन नागरिक समाजसँगै सबैको दवाव, सहयोग र साथ हुनुपर्छ ।

भूटानी शरणार्थीको सवाल र महेन्द्रीय दृष्टिकोण

उज्वल उत्सर्ग

राणा शासन पतन भएको पनि ७३ वर्ष भइसकेको छ अर्थात् सात दशक । सात दशक लामो कम्युनिष्ट शासनमा सोभियत संघले योजनाबद्ध विकासको अवधारणा ल्याएर विश्वलाई चकित तुल्याइदिएको थियो । करिव त्यति नै समयावधिदेखि शासन गरिरहेका चिनिया कम्युनिष्टहरूले मुलुकको कायापलट नै गरि दिएका छन् । सोही समयावधिदेखि लोकतान्त्रिक परिपाटीमा चल्दै आएको भारत पनि राजनीतिकरूपमा स्थिर छ । दुर्भाग्य भन्नुपर्छ, नेपाल चाहिँ यो समयावधिमा केवल राजनीतिक प्रयोगशाला बनेको छ ।

यो सात दशकमा करिब आधा दर्जन संविधान, करिब तीन दर्जन प्रधानमन्त्रीहरू र अनेकौं शासन व्यवस्था नेपालले भोगेको छ । ती मुलुकहरूको तुलनामा नेपालको हैसियत, निर्णायकत्व र वैभव झन्-झन् कमजोर हुँदै गएको छ । भुटानी शरणार्थी प्रकरणले त झन् नेपालको अन्तर्राष्ट्रिय छवि पूरै धुलिसात भएको छ । यस घटनाले नेपाली जनता, यहाँका राजनीतिक एवम् प्रशासनिक संयन्त्रलाई हेर्ने वैश्विक दृष्टि पूरै नकारात्मक हुने निश्चित छ । शरणार्थी बनाइ आफ्नै नागरिकहरूको सौदा गर्ने नेपाली नेताहरूको घिनौना हर्कतको आलोचना जति गरे पनि कमै हुन्छ । अपारदर्शिता, भ्रष्टाचार र बेथितिबाट मुलुकको कान्तिक्षय गराएर लोकतन्त्रको खोलमा आफ्नो कर्तुतहरूको ढाकछोप गर्ने यी छद्मभेषी नेताहरू भन्दा त अलोकतान्त्रिक ट्याग लागेका राजा महेन्द्र कै सम्मान उच्च हुँदै गएको चर्चा हुन थालेको छ । प्रसङ्ग हो- नेपाली मुलका प्रवासी शरणार्थीहरूलाई राजा महेन्द्रले गराएको स-सम्मान पुनः स्थापनाको ।

सन् १९१४ मा भएको प्रथम विश्वयुद्धमा नेपालका तत्कालीन प्रधानमन्त्री चन्द्र शम्शेरले लाखौंको संख्यामा नेपालीहरूलाई ब्रिटिश गोर्खा सेनामा भर्ना गराइ ब्रिटेनको खुलेरै पक्षपोषण गरेका थिए । उक्त सेनाहरूले जापानबिरुद्ध बर्मामा विजय हासिल गरेपश्चात् बर्मामा नै स्थायीरूपमा बस्न थाले । यसप्रकार नेपालीहरूको प्रवासन बर्मासम्म पुगेको थियो । तर, सन् १९६० को दशकमा जनरल उ ने विन्सले बर्मामा सैनिक सत्ता स्थापना गरेपछि तहाबाट गैरबर्मिज निष्कासनको अभियान शुरु भयो र, यसको शिकार नेपाली मुलका बर्मेलीहरू पनि हुन पूगेका थिए । बर्मा छाडी उत्तरपूर्वी इण्डियाको कष्टकर पहाडी भू-भागमा भट्किरहेका नेपालीहरूको व्यथा साँच्चै नै हृदयविदारक थियो भनि केही बर्मेली शरणार्थी बताउने गर्दछन् । यही मौकामा नेपालका राजा महेन्द्रको बर्माको राजकीय भ्रमण भएको थियो ।

उक्त भ्रमणमा राजाले बर्मामा बसोबास गरिहेका नेपालीहरूसँग पनि औपचारिक भलाकुसारी गरेका थिए । उक्त भेटमा बर्मा छोड्न विवश नेपालीहरूको अवस्था एकदमै जटिल भएको जानकारी उनले पाए । नेपालीहरूको मात्र नभई विश्वभरि छरिएर रहेका समस्त नेपाली मूलका मानिसहरूका संरक्षक हुने सुविचारले राजा महेन्द्रले उनीहरूको स-सम्मान नेपाल फिर्ती एवम् पुनःस्थापनाको राष्ट्रिय अभिभारा उठाए । त्यसताका इजरायल पनि भर्खर-भर्खर स्वतन्त्र राष्ट्र घोषित भएको थियो । उक्त राष्ट्रले पनि संसारभरि छरिएर रहेका यहुदी मूलका मानिसहरूलाई स-सम्मान इजरायलमा पुनःस्थापना गराएको थियो । आज तिनै यहुदीहरूमा प्रखर इजरायली राष्ट्रवाद छ । उनीहरूको यही देशभक्तिपूर्ण भावले शत्रुराष्ट्रहरूको माझ रहेर पनि इजरायलले आफ्नो सीमा रक्षा गर्न सकेको छ ।

नेपालमा पनि राजा महेन्द्रले बसोबास गराएका तिनै बर्मेली नेपालीहरूले देशको सीमा जोगाएका केही घटना नसुनिएका होइनन् । विराटनगरको रानी, नवलपरासीको सुस्ता, भैरहवा सुनौल तथा कञ्चनपर जिल्ला जस्ता कैयौं सिमावर्ती क्षेत्रहरूमा रहेका उनीहरूले बिनाबर्दीको सेना भएर देशको सीमा रक्षा गरिरहेका घटनाहरू सुन्दा राजा महेन्द्रको दूरदर्शितालाई दिलदेखि सम्मान गर्न मन लाग्छ । जागिरको सिलसिलामा यो स्तम्भकारको बसाइ केही समयका लागि नेपालको पूर्वी क्षेत्र विराटनगरमा भएको थियो ।

उक्त शहरमा बसोबास गरिरहेका केही स्थानीयहरूको भनाइमा कुनै बेला कुनै राजनीतिक आन्दोलनको नाममा भइरहेको पराइहरूको अतिक्रमणलाई यिनै बर्मेली नेपालीहरूले कडा प्रतिरोध गरेका थिए । केही वर्षअघि मात्र नेपाली सीमा अतिक्रमण रक्षार्थ कञ्चनपुरवासी गोविन्द गौतमले बलिदानी दिनुपरेको थियो । पञ्चायतकालमा डा. हर्क गुरुङको जनसांख्यिक प्रतिवेदनले नेपालको खुला सिमामा बढ्दो गैरनेपालीहरूको उपस्थितिले जुनसकै बेला पनि अराष्ट्रिय गतिविधिहरू हुन सक्छ भनी आँकलन गरेको थियो । यही सम्भावनालाई मध्यनजर गरी राजा महेन्द्रले सीमा क्षेत्रमा नेपाली भाषीहरूलाई बसोबास गराउने र गैरनेपालीहरूको जनसंख्यालाई नियन्त्रण गर्ने उद्देश्यले पहिलो पटक नेपाल नागरिकता अध्यादेश २०२० जारी गराएका थिए ।

१९औं शताब्दीदेखि नेपालीहरूको प्रवासन उत्तरपूर्वी भारतको सिक्किम, असम, मेघालय, भुटानदेखि म्यानमारसम्म फैलिएको मानिन्छ । भारतको नागाल्याण्ड, असम र मेघालयमा जातिय द्वन्द्वबाट पीडित कतिपय नेपालीहरू गुपचुपरूपमा नेपाल आइ नेपालमै पुनः बसोबास गरिरहेको पाइन्छ । तर, भुटान राज्यबाटै खेदिएका नेपालीहरूलाई नेपालमै पुनर्वास गर्न किन सकिएन भन्ने कुरा महत्वपूर्ण छ । यसको गहिरो अध्ययन गर्दै जाँदा सिक्किमको भारतमा भएको विलयसम्म पुग्नुपर्छ । सिक्किममा सन् १९७५ मा भएको लोकतान्त्रिक राजनीतिक गतिविधिहरूले विधिवतरूपमा सिक्किमलाई भारतमा विलय गराएको थियो । भलै यसको नेतृत्व सिक्किम मूलका नेता काजी लेण्डुप दोर्जीले गरेका थिए, यसमा नेपाली मूलका सिक्किमेलीहरूको योगदान पनि उल्लेख्य रहेको थियो ।

सन् १९९० को दशकमा नेपालमा पनि जनआन्दोलन मार्फत बहुदलीय व्यवस्था घोषणा गर्न नेपालको राजतन्त्र बाध्य हुन पूग्यो । र, सोही दशकमा दक्षिण भुटानमा रहेका नेपाली भुटानीहरूले पनि लोकतान्त्रिक आन्दोलनको शंखनाद गरे । नेपालीहरूका कारण राजनीतिक परिवर्तनपश्चात जसरी सिक्किम देशको अस्तित्व मेटियो ठिक त्यसैगरी नेपालीहरू कै कारण भुटानको पनि अस्तित्व मेटिने त होइन भन्ने एउटा संशय तत्कालिन भुटानी राजा जिग्मेसिग्मे वाङचुकलाई पर्न गयो । त्यसपछि उनिले नेपालीहरूको जातीय सफाइ अर्थात् 'इथनिक क्लिन्जिङ्ग' गर्न शुरु गरे । भारतको आडभरोसामा राजा जिग्मेले भुटानी नेपालीहरूलाई घिसारेर नेपालको सिमामा पुऱ्याइ बिचल्ली अवस्थामा छाडिदिए । भारतले उक्त तमासा हेरिरह्यो भने

भूराजनीतिका कारण नेपाल चुपचाप बस्न विवश भयो । यसप्रकार लोकतन्त्रको तृष्णाले भुटानी-नेपालीहरूको उठिबास भयो ।

हाम्रो नेपाली समाजमा घरमा दुःख पाएकी छोरीलाई माइती पक्षले व्यवस्थापन गरी माइतमै पाल्ने चलन छ । ठिक त्यसैगरी दुःख पाएका बर्मेली नेपालीहरूलाई राजा महेन्द्रले नेपालमै व्यवस्थापन गरिदिएका थिए । तर, विडम्बना भन्नुपर्छ कि लोकतन्त्रका लागि दुःख पाएका भुटानी-नेपालीहरूलाई नेपालको कुनै पनि लोकतान्त्रिक सरकारले नेपालमै व्यवस्थापन गर्न सकेन ।

सन् २०११ ताकाको कुरा हो क्यानाडाको भ्यानकुवर भन्ने शहरमा यो स्तम्भकारको भेटघाट एक जना नेपाली मूलका भुटानी शरणार्थीसँग भएको थियो । सुवेदी थरका उक्त वृद्ध शरणार्थीसँग भएको कुराकानीबाट थाह भयो कि उनीहरूको पहिलो रोजाइ आफ्नै मुलुक भुटान फर्किनु नै थियो । तर, भारत र राजा जिग्मेका अगाडि नेपालको जोड नचल्ने भएकोले भुटान फर्किन तत्काल सम्भव नरहेको हुँदा आफ्नै पुर्ख्यौंली मुलुक नेपालमा नै अन्ततः बसोबास हुने उनीहरूको अपेक्षा रहेको थियो । उनी भन्दै थिए राजा महेन्द्रले बर्माबाट खेदिएका नेपालीहरूलाई नेपालमै बसोबास गराएको सुनेका थियौं । सायद हाम्रो पनि बसोबास अब नेपालमै हुने होला भनि अपेक्षारत थियौं । तर, न भुटान स्वदेपिर्ती भयो न त पुर्ख्यौंली मुलुक नेपालमा नै पुनःस्थापना भयो ।

यसको ठिक विपरीत बडो अनपेक्षित तवरले अमेरिका क्यानाडा लगायत तेश्रो मुलुकमा हाम्रो व्यवस्थापन भयो भनी नेपाल सरकारको निरीहता र राजा महेन्द्रको तारिफमै उनले घण्टौं खर्चिएका थिए । यसबाट सहजै अनुमान गर्न सकिन्छ कि नेपाल र नेपालीका संरक्षक उनै सामन्ती राजाहरू पो रहेछन् ! उनकै पालामा बरु नेपालीहरूले असल अभिभावकत्व र भरपर्दो संरक्षकत्व पाएका रहेछन् । कास ! महेन्द्र अहिले हुने थिए भने मुलुकले थप केही सिमारक्षक पाउँथ्यो होला । भारतीय बौद्धिक व्यक्तित्व एवम् वरिष्ठ कुटनीतिज्ञ महेन्द्र पी लामाले समेत नेपाली शासकहरूमा राजा महेन्द्रको देशभक्ति भाव, दूरदर्शिता र कुटनीतिको खुलेरै प्रशंसा गरेको छन् । उनको तुलना वर्तमानका यी शासकहरूसँग गर्नै नसकिने भाव झल्किन्थ्यो लामाको भनाइबाट । हो पनि 'कहाँ राजा रामचन्द्र कहाँ गंगू तेली' !

भुटानको वाङचुक राजपरिवारभन्दा पनि पुराना मानिएका नेपाली मूलका भुटानीहरूलाई स्वदेशफिर्ती 'रिप्याट्रिएशन' गराउन नसक्नुमा नेपालको लोकतान्त्रिक शासन व्यवस्थाको निरीह कुटनीति भन्न सकिन्थ्यो । तर, अहिले पर्दाफास भएको नक्कली भुटानी शरणार्थी 'स्क्याम' भने नेपालका राजनीतिजीवीहरूको सरासर बदमासी हो भनि प्रष्ट भएको छ । भुटानीहरूको उचित व्यवस्थापन हुन नसक्नु केवल कुटनीतिक कमजोरी नभएर नेताहरू कै नियतपूर्ण कमजोरी थियो भनि अब ठोकुवा गर्न सकिन्छ ।

२०६२/०६३ को आन्दोलनबाट लोकतान्त्रिक परिपाटी स्थापित भए पनि नेपालीहरूमा रहेको परम्परागत राष्ट्रिय भाव- 'प्याट्रियोटिज्म' भने पूरै स्खलित हुँदै गएको छ । स-सम्मान नागरिक भएर बाँच्नुभन्दा शरणार्थी भएर विदेशिनु नेपाली जनताको प्राथमिकता बन्दै गएको छ । राजा महेन्द्रका पालामा ससम्मान नेपाल आउन रोज्ने नेपालीहरू 'नेताजी'हरूका पालामा भने नेपाल छोड्न उद्यत् छन् । आखिर किन, के यो देश अवसानउन्मुख हो त अब ? प्रश्न बडो गम्भीर छ । जय नेपाल ! जय राष्ट्रवाद ! *घटना र विचार*

सामुदायिक विद्यालय होस् त यस्तो !

□ विनोद सापकोटा

पढाईको गुणस्तर नभएको भन्दै सामुदायिक विद्यालयमा आफ्ना छोराछोरीहरु भर्ना गर्न अभिभावक रुचाउँदैनन् । यसैका कारण सरकारको लगानी रहेको सामुदायिक विद्यालयमा विद्यार्थीको वर्षेनि अभाव हुने गर्छ । तर, झापाको शिवसताक्षी नगरपालिका-८ को झिलझिले माध्यमिक विद्यालयमा अंग्रेजी र नेपाली दुवै माध्यमबाट पढाई हुन थालेपछि यतिबेला अभिभावकको पहिलो रोजाइमा पर्न थालेको छ ।

निजी विद्यालयमा अध्ययन गरिरहेका धेरै विद्यार्थी यतिबेला सामुदायिक विद्यालयमा भर्ना हुन थालेका छन् । विद्यालय प्रशासनका अनुसार चालू शैक्षिक सत्रमा ६४ जना विद्यार्थी निजी विद्यालयबाट भर्ना हुन आए । विद्यार्थीको चाप यतिबेला विद्यालयले थेग्न सकिरहेको छैन । तीन सय ५० मा झरेको विद्यार्थीको संख्या यतिबेला छ सय पुगेको छ । यो संख्या अझै बढ्ने विद्यालयका प्रधानाध्यापक खेम निरौलाले बताए ।

विद्यालयमा शिक्षक दरबन्दी संख्या पनि न्यून छ । भौतिक पूर्वाधार पनि अभावै छ । तर, विद्यार्थीको अध्ययन गर्न पाउने नैसर्गिक अधिकारलाई विद्यालयले भने सुरक्षित गरिदिएको प्रधानाध्यापक निरौलाले बताए । उनले शिक्षक र पुर्वाधार अभाव छ । निजी स्रोतमा शिक्षक नियुक्ति र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठाको भवन निर्माणाधीन अवस्थामा भएकाले विद्यार्थी भर्ना रोक्न नसकेको बताए ।

झिलझिले माविमा प्राथमिक तहमा आठ आधारभूत तहमा चार र माध्यमिक तहमा चार जनाको दरबन्दी छ । यता निजी स्रोतमा भने स्वयम्सेवक एकजना माध्यमिक

तहमा, प्राथमिक तहमा दुईजना र आधारभूत तहमा तीनजना शिक्षक कार्यरत छन् । विद्यालयले सवल नेतृत्व र कुशल प्रशासक पाएपछि निजी विद्यालयका अभिभावकको ध्यान सामुदायिक विद्यालयतर्फ मोडिएको छ ।

उनीहरुले नेतृत्वको भूमिका विद्यालय सुधारका लागि रचनात्मक भएपछि अभिभावक र विद्यार्थीको रोजाइ झिलझिले माध्यमिक विद्यालय हुन थालेको बताए । विद्यालय सुधारका लागि सक्षम नेतृत्व, कुशल प्रशासक र मेहनती विद्यार्थी हुन आवश्यक रहेको अभिभावक रामकृष्ण तिम्सिनाले बताए । शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिको तालमेल मिल्दा झिलझिले माध्यमिक विद्यालयले थोरै समयमा काँचुली फेर्न थालेको तिम्सिनाले बताए ।

विद्यालयमा विद्यार्थीको चाप बढ्न थालेपछि विद्यालय व्यवस्थापन समितिले महत्वपूर्ण योजना अघि सारेको छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावक सम्मिलित बैठकले विद्यालय सुधारका लागि यसै साता महत्वपूर्ण कार्यक्रमअघि बढाएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पर्शुराम ढुंगानाले बताए । नेपाली र अंग्रेजी माध्यममा अध्ययन गर्ने विद्यार्थीलाई अब अलग-अलग ब्लगमा राखेर अध्ययन अध्यापन गराईने अध्यक्ष ढुंगानाले बताएका छन् ।

सामुदायिक विद्यालयका लागि सरकारले तोकेको पोशाक, टाई, जुत्ता, मोजामा अंग्रेजी माध्यममा अध्ययन गर्ने विद्यार्थी विद्यालय जान्छन् भने नेपाली माध्यममा अध्ययन गर्ने विद्यार्थीलाई सर्ट र पेन्ट बाहेकका मोजा, जुत्ता र टाई अनिवार्य विद्यालयले गरेको छैन । अंग्रेजी माध्यममा अध्ययन गर्ने विद्यार्थीले महँगो शुल्क बुझाउन पर्दैन । नर्सरी, एलकेजी र युकेजीका लागि विद्यालयले निःशुल्क अध्यापन गराउने गरेको छ । कक्षा १ देखि ५ सम्म वार्षिक दुई हजार दुई सय अभिभावकले व्यवस्थापन सहयोग बुझाउँछन् । त्यस्तै कक्षा ६ ले छ सय, ७ ले सात सय, ८ ले आठ सय र ९ र १० ले मासिक एक हजार बुझाउने गरेका छन् । यो रकम विद्यालयले निजी स्रोतमा शिक्षक नियुक्ती गरेकाले उनीहरुलाई पारिश्रमिक भुक्तानका लागि संकलन गरिएको अर्की अभिभावक रीना दाहालले बताइन् ।

निजी विद्यालयले त्रैमासिक परीक्षा लिने गरेको छ । अब झिलझिले माध्यमिक विद्यालयले मासिक परीक्षा सञ्चालन गर्नेछ । यो परीक्षाले विद्यार्थीको प्रगति र क्षमताको विकास गर्ने अध्यक्ष ढुंगानाले बताए । प्रत्येक महिनाको अन्तमा विद्यार्थीको मूल्याङ्कनका लागि आन्तरिक परीक्षा सञ्चालन गर्ने र व्यवस्थापन समितिमा विद्यार्थीको प्रगतिको बारेमा वर्ग शिक्षकले ब्रिफिङ गर्ने विद्यालयले नियम बनाएको छ ।

निजी स्रोतमा नियुक्त गरिएका शिक्षकलाई अधिकतम् छ महिना करार नियुक्ती गर्ने र कार्य प्रगतिका आधारमा म्याद थप गर्ने विद्यालयले जानकारी दिएको छ । निजी स्रोतमा कार्यरत शिक्षकलाई दुई सेट पोशाक विद्यालयले उपलब्ध गराउने छ भने हाल खाईपाई आएको तलब सुविधा वृद्धि गरिने पनि विद्यालय व्यवस्थापन समितिको बैठकमा निर्णय भएको छ । विद्यालयका प्रधानाध्यापक निरौलाका अनुसार विद्यार्थीको प्रार्थना लाइनमा वर्ग शिक्षक पनि लाइनमा बस्नुपर्ने नियम विद्यालयले बनाएको छ । विद्यार्थी हाजिरी पुस्तिका लिएर वर्ग शिक्षक विद्यार्थी सँगै लाइनमा उभिने र विद्यार्थी सँगै कक्षा कोठामा सोझै जाने नियम विद्यालयले बनाएको छ । यो नियमले शिक्षक पनि समयमै विद्यालय आउन बल पुग्नेछ ।

शिक्षक अभावमा कक्षा कोठा खाली भए अब विद्यालयले त्यसको पनि व्यवस्थापन गर्ने भएको छ । प्रधानाध्यापक निरौलाका अनुसार विद्यालयले 'प्रोक्सी रुटिङ' तयार गरी कक्षा कोठा खाली हुन नदिने भएको छ । कक्षा कोठामा शिक्षक गए नगएको विषयमा पनि विद्यालयले विद्यार्थीलाई जिम्मेवार बनाएको छ । प्रत्येक कक्षा कोठामा 'लगबुक' राखिने र यो लगबुक विद्यार्थी स्वयम्ले भर्ने अनि हप्ताको एकपटक प्रधानध्यापकलाई बुझाउने नियम बनेको छ । यसले कुन शिक्षक कहिले कुन कक्षा कोठामा पुग्नु भएन भन्ने थाह हुनेछ ।

शिक्षक विद्यार्थी र अभिभावकका गुनासाहरु पनि अब विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रसाशनले सुनवाई गर्नेछ । शिक्षक विद्यार्थीको व्यवहारका बारेमा कसैलाई गुनासो भए सुझाव पेटीका मार्फत राख्न सकिने विद्यालय प्रसाशनले जनाएको छ । विद्यालयले प्रत्येक महिना शिक्षक, विद्यालय व्यवस्थापन समिति र पिटिएको बैठक आयोजना गर्ने र मासिक कार्य प्रगतिका बारेमा छलफल गर्ने अध्यक्ष ढुंगानाले बताए । यसबाट विद्यार्थीले कति प्रगती गऱ्यो भन्ने जानकारी प्रशासनले लिन सक्ने छ । विद्यालय समयभित्र विशेष काम बाहेक विद्यार्थी र शिक्षक हाता बाहिर निस्कनु परेमा प्रधानाध्यापकको स्वीकृती लिनुपर्ने विद्यालयले जनाएको छ ।

‘नागरिकलाई शुद्ध पिउने पानी उपलब्ध गराउनु सरकारको दायित्व’

कमल, जेठ ४। कोशी प्रदेश सरकारका स्वास्थ्य मन्त्री निर्मला लिम्बूले हरेक नागरिकलाई स्वास्थ्य र शुद्ध पिउने पानी सहजरुपमा उपलब्ध गराउनु पर्ने सरकारको दायित्व भएको बताएकी छन् ।

हेल्पिङ्ग हेण्ड फर रिलीफ एण्ड डेभलपमेन्टको आर्थिक सहयोग र वर्क फर नेपालको व्यवस्थापनमा झापाको कमल गाउँपालिकास्थित कमल नगर अस्पताललाई उपहार स्वरुप स्वस्थ्य सामाग्री र खानेपानी प्लान्ट हस्तान्तरणपछि मन्त्री लिम्बूले नागरिकलाई शुद्ध पानी उपलब्ध गराउनु सरकारको दायित्व भएको बताएकी हुन् । नेपालको सविधानमा नै हरेक नागरिकले स्वास्थ्य सेवा र शुद्ध पिउने पानी पाउनुपर्ने भनेर उल्लेख गरिएको प्रशंग उल्लेख गर्दै मन्त्री लिम्बूले यसका लागि प्रदेश सरकार लागीपरेको बताइन् ।

हेल्पिङ्ग हेण्ड फर रिलीफ एण्ड डेभलपमेन्टको आर्थिक सहयोग र वर्क फर नेपालको व्यवस्थापनमा झापाका तीन वटा नगर अस्पताललाई स्वस्थ्य सामग्री प्रदान गरिएको छ । झापा जिल्ला अन्तर्गतका कमल गाउँपालिका , बाह्रदशी गाउँपालिका र झापा गाउँपालिकाका नगर अस्पताललाई एक करोड ५० लाख मूल्य बराबरको स्वस्थ्य सामग्री प्रदान गरिएको हो ।

विगत छ वर्षदेखि नेपालका सात वटा जिल्लामा टुहुरा बालबालिकाको शिक्षा र स्वास्थ्य, सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीको फिल्ट्रेशन प्लान्ट जडान, सिप विकास सम्बन्धी तालिम र स्वास्थ्यको क्षेत्रमा काम गर्दै आएको हेल्पिङ्ग हेण्ड फर रिलीफ एण्ड डेभलपमेन्टले यस पटक पालिकामा रहेका नगर अस्पताललाई स्वस्थ्य साम्रग्री उपहार स्वरुप प्रदान गरेको र यो स्वस्थ्य सामग्रीले यहाँका नागरिकलाई स्वास्थ्य उपचारमा सहयोग पुग्ने हेल्पिङ्ग हेण्ड फर रिलीफ एण्ड डेभलपमेन्टका प्रोग्राम मेनेजर जीव पोखरेलले बताए ।

अस्पताललाई प्रदान गरिएका स्वास्थ्य सामग्री अन्तर्गत इलेक्ट्रोनिक बेड, भिडियो एक्स-रे, सूक्ष्मदर्शक यन्त्र, वाफ लगाउने मेसिन लगायत दुई सयभन्दा बढी स्वास्थ्य सामग्री उपहार स्वरुप अस्पताललाई प्रदान गरिएको छ ।

कमल गाउँपालिका नवनिर्वाचित जनप्रतिनिधिले साझा प्रतिबद्धता गरेका थियौं की गाउँबासी हरेक नागरिकलाई सहजरुपमा स्वास्थ्य सेवा पुऱ्याने भनेर । त्यसलाई मूर्तरुप दिँदै हामी निर्वाचित भएर आएको नौ महिनामा कमल नगर अस्पतालबाट स्वास्थ्य बीमासहितको सेवा शुरु गरेका छौं । स्वास्थ्य जस्तो गम्भीर विषय हरेका गाउँबासीले सहज र सरलरुपमा पाउनुपर्छ भनेर हामी दिन-रात लागीपरिरहेको यस्तो अवस्थामा हामीले ५० लाख मूल्य बराबरको स्वास्थ्य सामग्री पाएका छौं । यसमा हामी अत्यन्तै हर्ष विभोर भएको कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले बताए ।

गाउँपालिका हरेक नागरिकलाई स्वास्थ्यको पहुँच पुऱ्याउन हामी लागीरहेको समयमा प्राप्त स्वास्थ्य सामग्रीले ठूलो सहयोग पुगेको छ । अस्पताल सञ्चालनका लागि आवश्यक सामग्री खरिद गर्न बजेट अभावका कारण अप्ठ्यारो परेको अवस्थामा यति ठूलो रकम बराबरको सामग्री पाएका छौं । यसले अस्पतालबाट प्रदान गरिने गुणस्तरीय सेवामा ठूलो सहयोग पुग्ने कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपान तिवारीले बताइन् ।

वर्क फर नेपालका अध्यक्ष तिलचन्द्र अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई सचिव केशव भण्डारीले सञ्चालन गरेका थिए भने कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले स्वागत गरेका थिए ।

बालिकाको उपचारमा प्रदेश सरकारको सहयोग

झापा, जेठ ४। कोशी प्रदेश सरकारले ओखलढुङ्गाको चम्पादेवी गाउँपालिका-६ निवासी एसीडपीडित बालिका पवित्रा कार्कीको उपचार खर्चबापत रु. एक लाख ७५ हजार उपलब्ध गराउने भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद्को बैठकले कीर्तिपुर बर्न हस्पिटलमा उपचाररत कार्कीको उपचारमा आर्थिक सहयोग गर्ने निर्णय गरेको हो । बैठकले प्रदेश खेलकुद ऐन २०७६ बमोजिम गठन भएको प्रदेश खेलकुद बोर्डका सदस्य सचिव हंशराज वाग्लेलाई पद मुक्त गरेको छ ।

सामाजिक विकास मन्त्रालयसँग आवश्यक समन्वय नगरी काम गरेको र त्यस विषयमा ‘तपाईलाई पदबाट किन नहटाउने ?’ भनी दई पटकसम्म स्पष्टीकरण माग्दा

पनि चित्त बुझ्दो स्पष्टीकरण नदिएकाले उनलाई पदबाट हटाइएको जनाइएको छ ।

त्यस्तै आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९ मा उल्लेख भए बमोजिम आर्थिकरुपले विपन्न नागरिकलाई कडा रोगको उपचारका लागि प्रदान गरिने उपचार सहुलियत रकमको व्यवस्थापन गर्न स्वास्थ्य मन्त्रालयलाई प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत रु. एक करोड ५० लाख थप बजेट निकासा दिने निर्णय पनि भएको मुख्यमन्त्री कार्कीको प्रेस सल्लाहकार महेन्द्र बिष्टले जानकारी दिए ।

अपाङ्गता रोकथाम सम्बन्धी अभिमुखीकरण

पथरीशनिश्चरे, जेठ ४। पथरीशनिश्चरे नगरपालिकामा हात्तीपाइले मर्विडिती म्यापिड, व्यवस्थापन तथा अपाङ्गता रोकथाम सम्बन्धी महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा १० वटै वडाका स्वयम्सेविकाहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण स्वास्थ्य शाखाका जगत मगरले गरेका थिए ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०७९।१२।२२ गतेका दिन धुलाबारीबाट विराटनगर जाने क्रममा मेरो डिप्लोमा लेबलको इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक इञ्जिनियरिङको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम :- रिसव आचार्य
ठेगाना :- मेचीनगर-१०, झापा
सम्पर्क नं. :- ९८५२६७२७४६
९८४४६३८५०३

कर्मचारी आवश्यकता

यस ग्रेट फ्युचर मार्ट कम्पनी बिर्तामोडमा कर्मचारी आवश्यकता भएकोले इच्छुक व्यक्तिले कार्यालयमा तु-सम्पर्क गर्नुहोला ।

संख्या : ५ जना भूपू ।
तलब : १५१०० सम्म न्यूनतम्
योग्यता : एसईई वा +२ सो सरह
उमेर : १८ देखि ४० बर्षसम्म

सम्पर्क:
ग्रेट फ्युचर मार्ट कम्पनी
बिर्तामोड-४, भद्रपुर बस स्टेण्ड
९८१४३९७३४०, ९८४२४४७१६०, ९८२३४६६९२१

सिद्धकाली मोटरसाइकल ग्यारेज
दमक-८, सेतुमारी रोड, झापा
प्रो. सागर अधिकारी खत्री
सम्पर्क: ९८०६०१४४४६/ ९८४४६०२२३२

नोट: यहाँ सबै प्रकारका मोटरसाइकल दक्ष मेकानिकद्वारा मर्मत गरिन्छ । साथै ब्रासङ पान गरिन्छ र स्पेयर पार्ट्सहरु उचित मूल्यमा पाइन्छ ।

विशेष उपचार अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।

सम्पर्क
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६
मोबाइल : ९८०६०००३१३

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह
अर्जुनधारा-३, झापा

तेस्रो पटक प्रकाशित मिति: २०८०/०२/०५

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समुह अर्जुनधारा-३,झापाले आ.व. २०७९/०८० मा समूहको वनबाट उत्पादित गोलीया घाटगद्दीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक, फर्म वा कम्पनीले यो सूचना पूर्वाञ्चल पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल

१. वन पैदावारको विवरण :-

सि.न.	लट/पायल नं.	जात	थान		परिणाम	धरौटी	न्युनतम रकम	संकलन तथा वन विकास खर्च	कैफियत
१	३/१३	साल	३४		५७९.८३	१० प्रतिशत	११,५९,६६०/	२८९,९१५	गोलिया
२	४/१४	साल	४०		५६३.३२	१०/	११,२६,६४०/	२८१,६६०	गोलिया
३	५/१५	साल	४९		६१७.४२	१०/	१२,३४,८४०/	३०८,७१०	गोलिया

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
क. अन्तिम मिति : २०८०/०२/११ गते ख. समय : ४:०० बजेसम्म

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको एक्सल डेभलपमेन्ट बैंक लि.मा रहेको ०२९००२०००९८०२३०००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम प्रति लटको रु. २०००।- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समूहबाट खरिद तथा दाखेला गर्न सकिने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको अर्जुनधारा-३ ,श्री डिभिजन वन कार्यालय भद्रपुर, झापा र श्री कन्काइ सव डिभिजन वन कार्यालय सुरुङ्गाबाट पनि आवेदन फर्म उपलब्ध गर्न सकिने छ । साथै जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह मा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नुपर्नेछ

७.निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका बोल पत्रहरु मिति २०८०/०२/१२ गते समय २ बजे समूहका पदाधिकारी, बोल पत्र दाताका प्रतिनिधि, वनका प्रतिनिधि समेतको रोहवरमा खोलिने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । आवेदन फर्ममा बाहिर फर्मको नाम, ठेगाना, लट र पायल न. प्रष्ट उल्लेख गर्नुपर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

सम्पर्क नं. ९८५२६७३३२४, ९८४२७०१३१, ९८६२५८८८८०

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

आशबिर चेम्जोङको नाति, धनबहादुर चेम्जोङको छोरा १ नं. प्रदेश पाचथर जिल्ला फाल्गुनन्द गाउँपालिका वडा नं. ०५ बस्ने तिल्लोक सिंह चेम्जोङले यस इलाम शाखामा खाता नं. २११११५२४०३००५१९ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७९-१२-१६ मा निज खातावाला तिल्लोक सिंह चेम्जोङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने सुखमाया चेम्जोङले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ११९** बमोजिम निज मृतक तिल्लोक सिंह चेम्जोङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

भद्रपुर, झापाको
मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

जग्गाधनीको विवरण	जग्गा ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
नवक्मार राजवंशी समेत	ज्यामिरगाडी- ६	१३६	१-१२-	सम्पत/सम्पल राजवंशी
दारा सिंह मेचे	हल्दीवारी- २	१९१९	०-१-०	लोमिन सतार/लोविन ह्मरम
" "	" "	१९२०	०-१-०	सतार/लोभिनी सतार
लालबहादुर बस्नेत	कोहवरा- ८	११३७	६९१२.५०	लाल मन शर्मा
" "	" "	११३९	१९७.५०	" "
सोमबहादुर कुमाल	दमक- १०	५६४	९३०.००	भुइचाल /भुखाल कुमाल
" "	" "	५६२	२३०.००	" "
रोशन कार्की	ज्यामिरगाडी-६	२९५३	४२३.२८	जोगेन्दर राजवंशी
कालु राजवंशी	चन्द्रगडी- ७	३६७३	०-१-१५	गाजो/गाजु राजवंशी
धनलाल राजवंशी	गरामनी- ६	३१७	५५०.००	अस्तो सरापन राजवंशी
" "	दमक- १३	३२१	२०००.००	" "
यसोदा श्रेष्ठ		११५	१२८.४०	लिला प्र.वजगाई/गाविन्द
				प्र.मिया/गाविन्द प्र.मिश्र



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा बादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, आज प्रेम सम्बन्ध कसिलो बनेर जानेछ, ।